**मस्यौदा**

**सम्माननीय प्रधानमन्त्रीज्यूबाट नेपाल उद्योग वाणिज्य महासंघको ५४ औ वार्षिक साधारण सभाको समुद्घाटनमा दिनु भएको मन्तव्य**

**यस कार्यक्रमका सभापति श्री भवानी राणाजी,**

**महासंघका पदाधिकारी साथीहरु उपस्थितभद्र महिला तथा सज्जनबृन्द !**

- नेपाल उद्योग वाणिज्य महासंघको ५४ औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहमा उपस्थित भई समुदघाटन सहित शुभ-कामनाका दुई शव्द राख्न पाउंदा निकै खुशी लागेको छ ।
- प्रत्यक्ष अप्रत्यक्ष रुपमा मुलुकभरका उद्यमी व्यवसायी साथीहरू सहभागी भेलामा उपस्थित हुन पाउनु मेरा लागि अवसर पनि हो ।
- यस अवसरमा उद्योग व्यवसाय क्षेत्रमा आवद्ध सबै उद्यमी व्यवसायी साथीहरूमा महासंघको ५४ औं वार्षिक साधारण सभाका अवसरमा हार्दिक शुभकामना व्यक्तगर्न चाहान्छु तपाईहरुको व्यवसायिक सफलताको कामना गर्दछु । साथै तपाईहरुको सुस्वास्थ्यको कामना पनि गर्दछु ।
- कोभिडले हामीलाई अलि असजिलो अवस्थामा पुरयाएको छ । तैपनि अर्थतन्त्रमा अहिलेसम्म खासै ठूलो समस्या त देखिएको छैन । अवस्था यो भन्दा जटिल नभए हामी सजिलै अगाडी बढ्न सक्छौं । यसमा तपाई निजी क्षेत्रको दरिलो साथ र सहयोग सरकारले खोजेको छ ।
- मलाई निमन्त्रणा गर्न अध्यक्ष भवानीजी र पदाधिकारी साथीहरु आउनु भएको थियो । समय परिस्थितिले मैले तपाईहरुको कार्यक्रम यही राख्न भने । तपाईहरुलाई स्वागत गर्ने अवसर पाए । जो यहां भौतिक रुपमा उपस्थित हुन सक्नु भएको छ र अरु जो जाहाबाट यो कार्यक्रममा

जोडिनु भएको छ, तपाईहरुलाई स्वागत गर्दछु। तपाईहरुको सुस्वास्थ्यको कामना गर्दछु।

- नेपाल उद्योग वाणिज्य महासंघ आफ्नो स्थापनाको ५४ औ वार्षिक साधारण सभा मनाउन गैरहेको छ। निजी क्षेत्रको भरोसाको यो संस्थाको साधारण सभाको निरन्तर तीन चार वर्षदेखि समुद्घाटन गर्ने अवसर मलाई जुरेकोमा अत्यन्त खुशी लागेको छ। यसलाई मैले तपाई उद्यमी व्यवसायीहरूको मायाको रूपमा पनि लिएको छु।
- सरकारले महासंघलाई सधै साथै लिएर गएको छ। सरकारका विभिन्न निकायहरूमा महासंघको पनि उपस्थिति रहेको छ। मुलुकभित्र उद्योग व्यवसायको विकासविना आर्थिक विकास, आर्थिक समृद्ध आउन सक्दैन र त्यसको नेतृत्व निजी क्षेत्रलाई दिनु पर्छ भन्ने मेरा बलियो मान्यता रहेको छ। सरकारका हरेक महत्वपूर्ण कार्यक्रममा निजी क्षेत्रलाई पनि साथै लिएर जाने मेरो प्रतिवद्धता जनाउन चाहान्छु।
- स्वदेशी तथा विदेशी लगानी मुलुकको लागि यतिवेला अपरीहार्य छ। अध्यक्ष भवानीजीले पनि हाम्रा प्रतिस्पर्धी क्षमताको भरपुर प्रयोग मार्फत मुलुकको आर्थिक विकासमा सरकार निजी क्षेत्रको साझेदारीको कुरा राख्नु भयो। त्यसका लागि सरकारले सहयोग गर्ने प्रतिवद्धता जनाउन चाहान्छु। नेपालको बलियो शक्ति Youth Power को महत्वको कुरा पनि राख्नु भयो। निश्चयनै हाम्रो बलियो शक्ति भनेकै यही हो। सरकार यूवाहरुलाई शीपवान बनाएर आर्थिक विकासमा लगाउन दत्तचित्त रहेको पनि स्पष्ट पार्दछु।
- साधारण सभामा भाग लिई रहनु भएका प्रतिनिधिसाथीहरू तपाईहरू आ आफ्नो ठाउंमा रहेर आर्थिक व्यवसायिक विकासमा लाग्नुहोस। व्यवसाय विस्तार गर्नुहोस। स्थानीय सम्भाव्यतालाई उजागर गर्नुहोस। रोजगारी सृजना हुने कार्यमा लाग्नुहोस। कहाकुन समस्या पर्छ मलाई भन्नु होस तपाइहरुको समस्या समाधान गर्नेमा म प्रतिवद्ध छु।

- महासंघको ५४ औं वार्षिक साधारण सभाबाट नयां नेतृत्व पनि चुनिदै छ । संस्थाको अध्यक्षमा नेपालको पुरानो स्थापित औद्योगिक व्यवसायिक घराना गोल्छा ग्रुपका निर्देशक शेखर गोल्छा जी आउंदै हुनुहुन्छ । म उहांलाई अग्रिम बधाई दिन चाहान्छु । बांकी साथीहरु जो निर्वाचनको मैदानमा हुनुहुन्छ उहांहरुलाई पनि सफलताको कामना गर्दछु ।
- महासंघलाई अझ बढी सशक्त ढंगबाट अगाडी बढाई अवको समयको आर्थिक विकासको नेतृत्वदायी भूमिका निर्वाह गर्ने कार्यमा आउने नेतृत्व सफल हुने विश्वास मैले लिएको छु ।
- सरकारले तपाईहरुलाई आर्थिक विकासमा लाग्ने वातावरण बनाई सकेको छ । अझै के गर्नुपर्छ मेरो कार्यालय सदैव तपाईहरुको सहयोगका लागि तयार छ । अर्थतन्त्रको सारथी तपाईहरुनै हो, निश्चिन्त अगाडी बढनुहोस, सरकार साथमा छ ।
- अन्त्यमा महासंघको ५४ औं वार्षिक साधारण सभाको पुन: एक पटक सफलताको कामना गर्दछु । धन्यवाद ।

मिति २०७७ मंसीर ११, विहीबार